# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

बागमती प्रदेश, नेपाल

**जग्गा सम्याई माटो, बालुवा बिक्रीका लागिं बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०६/२६

यस नगरपालिका वडा नं. १ स्थित बाल उद्धार माध्यमिक विद्यालयको नयाँ भवन निर्माणको लागि हाल विद्यालयको पुरानो भवन भएको स्थानको पश्चिम दिशामा रहेको कि.नं. ३१५, क्षेत्रफल ५-२-०-० जग्गा सम्याई त्यहाँबाट निस्केको माटो र बालुवा बिक्री गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्महरुबाट रित पूर्वकको बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र सम्बन्धी कागजात मिति २०७७।०७।२५ गते कार्यालय समयभित्र रु. ३,०००।- राजश्व तिरी सो को रसिद सहित फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को करचुक्ता प्रमाणपत्र संलग्न गरी निवेदन पेश गरेपछि यस नगरपालिका कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फारामसाथ धरौटी बापत कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia, थलीमा रहेको धरौटी खाता नं. 18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) संलग्न गरी शिलबन्दी गरेर मिति २०७७।०७।२६ गते दिनको १२:०० बजे दर्ता गरी सक्नुपर्नेछ ।

३. प्राप्त हुन आएका बोलपत्रहरु मिति २०७७।०७।२६ गते दिनको १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनको १२:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको १:०० बजे बोलपत्र खोल्ने समय कायम हुनेछ ।

गिरीराज अवाली

प्रमुख प्रशासकीय अधिकृत

७. उक्त माटो बालुवा निकासी गर्दा संकलन र निकासी कर वापत बालुवा प्रति घनफिट रु.९।- र माटो प्रति घनफिट रु.२।५० छुट्टै तिर्नुपर्नेछ ।

८. तोकिएको क्षेत्रभित्र जमिन सम्याउने तथा माटो बालुवा निकासी सम्झौता भएको मितिले ३ महिनाभित्र कार्य सम्पादन गरी सक्नुपर्नेछ ।

९. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।

१०. नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आयकर मुल्य अभिबृद्धिकर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर बुझाई सकेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

११. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. उल्लेखित कार्यको ठेक्का सम्झौताको लागि पत्र प्राप्त भएको मितिले १५ दिनभित्र आफूले कबोल गरेको एकमुष्ट रकम यस कार्यालयको ग १-१ आन्तरिक राजश्व खाता 0182050029545002 मा जम्मा गरेको सक्कल भौचर पेश गरेपछि ठेक्का सम्झौता गरिनेछ ।

१३. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि कुनै किसिमको छुट, मिनाहा वा माफी दिइने छैन ।

१४. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**कार्य विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम कबोल रकम (भ्याट बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | Kageshwori/ Revenue/05/ 2077/078 | जग्गा सम्याई त्यहाँबाट निस्केको अनुमानित माटो ५६१७.२० घनमिटर र बालुवा ८४२५.८० घनमिटर बिक्री गर्ने कार्य | रु. ४२,६०,७५८।५४ | रु. १,२१,०००।- |

गिरीराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत